काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २४० ❐ शुक्रवार, २९ जेठ, २०८३ ❐ Friday, 12 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कर्णाली मन्त्रीपरिषद्को महत्वपूर्ण निर्णय :

प्रशासनिक पुनर्गठन प्रक्रिया बढाइयो

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २८ जेठ

कर्णाली प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले प्रदेशको प्रशासनिक संरचना पुनर्संरचना गर्दै लोपोन्मुख राउटे समुदायको संरक्षण तथा मूलप्रवाहीकरण र मातृ तथा शिशु स्वास्थ्य सुधारसँग सम्बन्धित महत्वपूर्ण निर्णयहरू गरेको छ ।

बिहीबार बेलुका बसेको मन्त्रिपरिषद् बैठकले प्रदेश सरकारको सेवा प्रवाहलाई प्रभावकारी, चुस्त र परिणाममुखी बनाउने उद्देश्यका साथ तीन महत्वपूर्ण प्रस्ताव स्वीकृत गरेको हो ।

सरकारका प्रवक्ता तथा भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहका अनुसार बैठकले प्रदेश सरकार अन्तर्गत सञ्चालनमा रहेका विभिन्न निर्देशनालय तथा केन्द्रहरूको संरचना पुनरावलोकन गर्दै प्रशासनिक पुनर्गठनको प्रक्रिया अघि बढाउने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्ले हाल सुर्खेतमा रहेका पूर्वाधार विकास निर्देशनालय, खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय, कृषि विकास निर्देशनालय, पशुपन्छी विकास निर्देशनालय र उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालयलाई जिल्ला कार्यालयका रूपमा कायम गर्ने निर्णय गरेको हो ।

प्रदेश सरकारले प्रशासनिक संरचनालाई आवश्यकताअनुसार पुनर्संरचना गर्दै सेवा प्रवाहलाई नागरिक नजिक पुऱ्याउने उद्देश्यले उक्त निर्णय गरेको जनाएको छ । यससँगै प्रदेश वन निर्देशनालय, सुर्खेतलाई खारेज गर्ने निर्णय पनि गरिएको छ । उक्त निर्देशनालयमार्फत सम्पादन हुँदै आएका कार्यहरू सम्बन्धित मन्त्रालयबाटै सञ्चालन हुने व्यवस्था मिलाइने उल्लेख छ ।

यसका लागि सम्बन्धित मन्त्रालयहरूले संगठन तथा व्यवस्थापन (ओ एन्ड एम) सर्वेक्षण सञ्चालन गरी आवश्यक संरचनागत तथा जनशक्ति व्यवस्थापनका प्रस्ताव तयार गर्नेछन् ।

बैठकले वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, मानव संशाधन विकास केन्द्र तथा कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्रबाट हाल सम्पादन भइरहेका कार्यहरू अब कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानमार्फत सञ्चालन गर्ने व्यवस्था मिलाउने निर्णय गरेको छ ।

यस सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने प्रदेश सरकारका प्रवक्ता शाहले बताए । उनका अनुसार नयाँ व्यवस्था आगामी आर्थिक वर्ष २०८३/८४ को साउन १ गतेदेखि लागू हुने गरी तयारी अघि बढाइने छ ।

प्रदेश सरकारका अनुसार यस कदमले तालिम, क्षमता विकास तथा अनुसन्धान सम्बन्धी कार्यक्रमहरूलाई एकीकृत गर्दै दोहोरोपन हटाउने, प्रशासनिक खर्च घटाउने तथा संस्थागत दक्षता अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ ।



राउटेको मूलप्रवाहीकरण नीति स्वीकृत

मन्त्रिपरिषद्ले 'लोपोन्मुख राउटे समुदायको मूलप्रवाहीकरण नीति, २०८३' स्वीकृत गरेको छ । राउटे समुदायको जीवनस्तर उकास्ने दीर्घकालीन नीति र संस्थागत सुत्केरीलाई प्रोत्साहन गर्ने कार्यविधि स्वीकृत गरिएको हो । नेपालको अत्यन्तै दुर्लभ र संकटग्रस्त आदिवासी समुदायका रूपमा चिनिने राउटे समुदायको सामाजिक, शैक्षिक, आर्थिक तथा स्वास्थ्य अवस्थाको सुधारका लागि यो नीति महत्वपूर्ण दस्तावेजका रूपमा हेरिएको छ । राउटे समुदाय परम्परागत रूपमा घुमन्ते जीवनशैली अपनाउँदै आएको समुदाय हो । पछिल्ला वर्षहरूमा उनीहरूको जनसंख्या, स्वास्थ्य अवस्था, राउटे समुदायको जीवनस्तर उकास्ने दीर्घकालीन नीति र संस्थागत सुत्केरीलाई प्रोत्साहन गर्ने कार्यविधि पनि स्वीकृत गरिएको छ । यो समुदायमा शिक्षा तथा जीविकोपार्जनका विषयमा विभिन्न चुनौती देखिँदै आएका छन् । स्वीकृत नीतिले समुदायको मौलिक पहिचान र सांस्कृतिक विशेषता संरक्षण गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा तथा राज्यका सेवामा पहुँच विस्तार गर्ने आधार तयार गर्ने अपेक्षा गरिएको छ । नीतिमार्फत राउटे समुदायलाई राज्यका विकास कार्यक्रमसँग जोड्ने, जीवनस्तर सुधार गर्ने र दीर्घकालीन संरक्षण सुनिश्चित गर्ने लक्ष्य राखिएको प्रदेश सरकारले जनाएको छ ।

यस्तै बैठकबाट पूर्ण संस्थागत सुत्केरी कार्यविधि पनि पारित गरिएको छ । बैठकले 'पूर्ण संस्थागत सुत्केरी सम्बन्धी कार्यविधि, २०८३' स्वीकृत गरेको हो । मातृ तथा नवजात शिशुको मृत्युदर न्यूनीकरण, सुरक्षित प्रसूति सेवाको पहुँच विस्तार तथा स्वास्थ्य संस्थामार्फत हुने सुत्केरीलाई प्रोत्साहन गर्ने उद्देश्यले कार्यविधि ल्याइएको छ । कर्णालीका दुर्गम तथा विकट क्षेत्रमा अझै पनि घरमै सुत्केरी हुने प्रवृत्ति विद्यमान रहेकाले संस्थागत सुत्केरीको दर बढाउन कार्यविधिले महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । यसले स्थानीय तह, स्वास्थ्य संस्था तथा सम्बन्धित निकायहरूको भूमिका स्पष्ट गर्दै सुरक्षित मातृत्व कार्यक्रमलाई थप प्रभावकारी बनाउने अपेक्षा छ । प्रशासनिक सुधार र सामाजिक रूपान्तरणतर्फ प्रदेश सरकारले जोड दिएको हो । मन्त्रिपरिषद्का पछिल्ला निर्णयहरूले एकातर्फ प्रदेश सरकारको प्रशासनिक संरचना पुनर्संरचना गरी खर्च कटौती र कार्यसम्पादनमा दक्षता ल्याउने जनाएका छन्, भने अर्कोतर्फ लोपोन्मुख समुदायको संरक्षण तथा मातृ स्वास्थ्य सुधारजस्ता सामाजिक क्षेत्रमा पनि प्राथमिकता दिइएको छ । प्रदेश सरकारले आगामी आर्थिक वर्षदेखि लागू हुने गरी संरचनागत सुधार, सेवा एकीकरण तथा लक्षित समुदाय केन्द्रित नीतिहरू कार्यान्वयनमा ल्याउने तयारी थालेको हो । यी निर्णयहरूको प्रभावकारी कार्यान्वयन हुन सकेमा प्रदेशको प्रशासनिक सुशासन, सामाजिक समावेशीकरण तथा स्वास्थ्य सेवाको गुणस्तरमा सकारात्मक परिवर्तन आउने अपेक्षा गरिएको छ ।

अनुमति बिना विश्वकप खेल देखाउन प्रशासनको रोक

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २८ जेठ

जिल्ला प्रशासन कार्यालय काठमाडौंले अनुमतिबिना सार्वजनिक स्थलमा ठुलो पर्दा राखेर विश्वकप फुटबलका खेलहरू प्रदर्शन गर्न रोक लगाएको छ । बिहीबारदेखि सुरु हुन लागेको 'फिफा विश्वकप फुटबल २०२६' का खेलहरू सामूहिक रूपमा प्रत्यक्ष प्रसारण गर्न चाहने सङ्घ-संस्था वा कम्पनीहरूले अनिवार्य रूपमा पूर्व स्वीकृति लिनुपर्ने प्रशासनले जनाएको छ ।

बिहीबार एक सूचना जारी गर्दै प्रशासनले रातको समयमा ठुलो पर्दामा खेल देखाउने बहानामा भीड जम्मा गरी समुदायमा असर पार्ने र शान्ति सुरक्षा खलबल्याउने गतिविधि नगर्न सचेत गराएको छ ।प्रशासनका अनुसार खेलको प्रत्यक्ष प्रसारण गर्न इच्छुक सङ्घ-संस्थाले निर्धारित ढाँचामा निवेदन दिनुपर्नेछ । निवेदनको ढाँचा जिल्ला प्रशासन कार्यालय काठमाडौंको आधिकारिक वेबसाइटबाट प्राप्त गर्न सकिनेछ । प्राप्त निवेदनमाथि संस्था रहेको स्थान र सुरक्षा संवेदनशीलताको विश्लेषण गरी मात्र अनुमति दिइने सहायक प्रमुख जिल्ला अधिकारी एवं प्रवक्ता मुक्तिराम रिजालले जानकारी दिए । सूचनाको अवज्ञा गरी कसैले अनुमतिबेगर रातको समयमा भिडभाड गर्ने, अमर्यादित, उच्छृङ्खल वा गैर कानुनी क्रियाकलाप गरेको पाइएमा तत्काल प्रचलित कानुन बमोजिम कडा कारबाही गरिने प्रशासनले चेतावनी दिएको छ ।

अब बाली नभित्र्याउँदै किसानको हातमा मूल्यसूची

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २८ जेठ

सरकारले किसानहरूको लामो समयदेखिको मागलाई सम्बोधन गर्दै ऐतिहासिक कदम चालेको छ ।

सरकारले 'न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण सम्बन्धी निर्देशिका, २०८२' जारी गरेको हो, यस नयाँ व्यवस्थासँगै अब प्रमुख खाद्यान्न तथा औद्योगिक बालीको मूल्य खेती लगाउनु वा भित्र्याउनुपूर्व नै निर्धारण हुनेछ । यसले कृषकहरूलाई समयमै न्यूनतम नाफा सुनिश्चित गर्नेछ ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयद्वारा जारी यो निर्देशिकाले प्रमुख खाद्यान्न बाली (धान, मकै, गहुँ, कोदो) र औद्योगिक बाली (उखु)को उत्पादन लागत, ढुवानी खर्च र किसानलाई न्यूनतम नाफा सुनिश्चित गरी मूल्य निर्धारण गर्ने व्यवस्था गरेको छ । यसले कृषि उपजको बजार मूल्यमा हुने उतारचढावलाई स्थिर राखी किसानहरूलाई बजार जोखिमबाट बचाउने र उनीहरूलाई कृषि पेसाप्रति आकर्षित गर्ने विश्वास गरिएको मन्त्रालयको दाबी छ । निर्देशिकाले कृषि उत्पादनको बजार सुनिश्चितताका लागि नयाँ मार्गचित्र प्रस्तुत गरे पनि यसको सफल कार्यान्वयनमा केही चुनौतीहरू देखिन सक्छन् । देशभरका विभिन्न प्रदेश र जिल्लाहरूबाट तथ्याङ्क सङ्कलन गरी उत्पादन लागत यकिन गर्ने, प्राविधिक समिति र सिफारिस समितिबिचको समन्वयलाई प्रभावकारी बनाउने र अन्तिममा मन्त्रिपरिषद्बाट समयमै निर्णय गराउने प्रक्रिया जटिल हुन सक्ने मन्त्रालयका पदाधिकारीहरू बताउँछन् । 'देशभरि फैलिएका किसान र बजारको विविधतालाई हेर्दा तथ्याङ्क सङ्कलन र विश्लेषणमा बाँकी पृष्ठ २



परागसेचन सम्बन्धी सात दिने तालिम सम्पन्न

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २८ जेठ

अगुवा कृषकहरूलाई परागसेचकमैत्री कृषिमा आधारित सात दिने प्रशिक्षक प्रशिक्षण तालिम दिइएको छ । सुर्खेतका दुई स्थानीय तह वीरेन्द्रनगर नगरपालिका र चिङ्गाड गाउँपालिकाका १० अगुवा कृषकलाई २२-२८ जेठसम्म प्रशिक्षक प्रशिक्षण तालिम दिइएको हो ।

उक्त तालिम हर्ड इन्टरनेसनल अन्तर्गत सञ्चालित नेपाल परागसेचन परियोजनाको आयोजनामा बिहिबार वीरेन्द्रनगरमा सम्पन्न भएको हो । तालिमको मुख्य उद्देश्य परागसेचन सम्बन्धी सचेतना अभिवृद्धि, जैविक विविधताको संरक्षण, दिगो तथा वातावरणमैत्री कृषि अभ्यासलाई प्रवर्द्धन तथा कृषि अनुसन्धान क्षमता सुदृढ गर्नु रहेको छ । यस्तै, तालिममार्फत नीति निर्माण प्रक्रियामा योगदान पुऱ्याउँदै राष्ट्रियस्तरको परागसेचन रणनीतिलाई सहयोग पुऱ्याउनु रहेको आयोजकले जनाएको छ । परियोजनाले जैविक विविधता संरक्षण, बाली उत्पादन वृद्धि, किसानको आयआर्जनमा सुधार तथा खाद्य एवं पोषण सुरक्षामा टेवा पुऱ्याउने लक्ष्य लिएको छ ।



कृषि क्षेत्रमा परागसेचकहरूको महत्त्वबारे कृषकहरूलाई जानकारी गराउँदै दिगो कृषि प्रणालीको विकासमा सहयोग पुऱ्याउने उद्देश्यले उक्त तालिम सञ्चालन गरिएको हो । तालिमको सहजीकरण हर्ड इन्टरनेसनलका जिल्ला कृषि अधिकृत चक्रपाणी अधिकारी तथा जिल्ला कृषि प्राविधिक टोपेन्द्र कुमार थापाले गरेका थिए । साथै, कर्णाली प्रदेश अन्तर्गत बाँकी पृष्ठ २

काँक्रेविहार राष्ट्रिय दैनिक
दृष्टिकोण
शुक्रवार, २९ जेठ, २०८३
Friday, 12 June 2026

सम्पादकीय

प्रतिनिधित्व छ, निर्णय अधिकार छैन

संविधानले समावेशी लोकतन्त्रको परिकल्पना गरेको छ । संघीय शासन प्रणालीको मूल मर्म नै राज्यका हरेक तहमा महिला, दलित तथा सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु हो । स्थानीय तहमा महिला र दलित जनप्रतिनिधिको अनिवार्य प्रतिनिधित्व पनि यही उद्देश्यबाट स्थापित गरिएको व्यवस्था हो । तर कर्णालीका विभिन्न स्थानीय तहबाट आएका अनुभवहरूले एउटा गम्भीर प्रश्न उठाएका छन् । जसले प्रतिनिधित्व मात्र पर्याप्त छ, तर निर्णय प्रक्रियामा प्रभावकारी सहभागिता छैन । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम निर्माणको तयारीमा जुटिरहेका स्थानीय तहहरूमा महिला तथा दलित जनप्रतिनिधिहरूले उठाएका गुनासा सामान्य प्रशासनिक कमजोरी मात्र होइनन्, ती स्थानीय लोकतन्त्रको गुणस्तरमाथिको प्रश्न पनि हुन् । योजना छनोट, प्राथमिकता निर्धारण, नीति निर्माण र बजेट तर्जुमा जस्ता महत्त्वपूर्ण चरणहरूमा आफूहरूलाई सहभागी नगरिएको, अन्तिम समयमा मात्र जानकारी दिइएको र सुझावलाई बेवास्ता गरिएको उनीहरूको अनुभवले कानुनी व्यवस्थाभन्दा व्यवहार निकै पछाडि रहेको देखाउँछ ।

चाहे दुर्गम जिल्ला डोल्पा र मुगु होस् वा सुगम सुर्खेतका महिला तथा दलित जनप्रतिनिधिहरूको साझा अनुभव एउटै छ । उनीहरूलाई निर्णयकर्ता होइन, दर्शक वा साक्षीको भूमिकामा सीमित राखिएको छ । बजेट सार्वजनिक हुने दिन उपस्थित भएर ताली बजाउने भूमिका मात्र दिइनु लोकतान्त्रिक सहभागिता होइन । यो त संविधानले सुनिश्चित गरेको अधिकारको औपचारिक उपभोग मात्र हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बजेट निर्माण प्रक्रियामा सबै वर्ग, समुदाय र लिङ्गको सहभागिता सुनिश्चित गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ । तर व्यवहारमा धेरै स्थानीय तहमा बजेट निर्माणको प्रक्रिया अझै सीमित व्यक्तिहरूको नियन्त्रणमा रहेको देखिन्छ । राजनीतिक शक्ति, प्रशासनिक पहुँच र निर्णय अधिकार केही व्यक्तिमा केन्द्रित हुँदा निर्वाचित महिला तथा दलित सदस्यहरू किनारामा पारिने गरेका छन् । यसले स्थानीय शासन प्रणालीभित्र अझै पनि संरचनात्मक विभेद जीवित रहेको संकेत गर्दछ ।

यो समस्या सहभागिताको अभावमा मात्रै सीमित छैन । महिला तथा दलित सदस्यहरूलाई आवश्यक तालिम, जानकारी र क्षमता अभिवृद्धिका अवसर पर्याप्त रूपमा नदिइनु अर्को चुनौती हो । निर्णय प्रक्रियामा प्रभावकारी भूमिका निर्वाह गर्न ज्ञान, सूचना र आत्मविश्वास आवश्यक हुन्छ । तर उनीहरूलाई प्रक्रिया नै बुझ्न नदिने र पछि अनुभवको अभाव देखाएर निर्णयबाट टाढा राख्ने प्रवृत्ति लोकतान्त्रिक अभ्यासका लागि घातक हो । स्थानीय तहका प्रमुखहरूले सहभागिता बढाउन प्रयास भइरहेको दाबी गरेका छन् । सीमित बजेट र धेरै मागका कारण सबै प्रस्ताव समेट्न नसकिने तर्क पनि केही हदसम्म स्वाभाविक हुन सक्छ । तर प्रश्न सबै प्रस्ताव स्वीकृत भए वा भएनन् भन्ने होइन । प्रश्न त निर्णय प्रक्रियामा सबै निर्वाचित प्रतिनिधिको समान पहुँच र सम्मान सुनिश्चित भयो कि भएन भन्ने हो । यदी छलफल, योजना छनोट र प्राथमिकता निर्धारणमै केही समूहलाई बाहिर राखिन्छ भने त्यसलाई समावेशी शासन भन्न सकिँदैन । त्यसैले बजेट पारदर्शिता र जनसहभागितासम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासहरूलाई पनि अपनाउँदै कमजोरी सुधार गर ।

सत्तामोहले थला परेको कांग्रेस



✍ श्रीमन नारायण

नेपाली काँग्रेस देशको सबैभन्दा पुरानो लोकतान्त्रिक पार्टी हो । नेपालमा प्रजातन्त्रको स्थापना, पुनः स्थापना तथा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनामा यसको भूमिका अग्रणी र महत्वपूर्ण रहेको छ । नेपाली जनताले यस पार्टीमाथि विश्वास गरी तीन पटक बहुमत पनि प्रदान गरेको हो, तर पार्टी भित्रको अन्तरकलहका कारण यस पार्टीले जनादेशको सम्मान गर्न नसकी आन्तरिक विवादकै कारण सत्ताबाट बाहिरिएको हो ।

जनआन्दोलन-२ को सफलता पश्चात काँग्रेस वामपन्थी दलसँगको सहकार्य र सहयात्राका कारण अर्द्धवामपन्थको चरित्र बोक्न बाध्य भयो । जसरी नेपालका कम्युनिष्टहरु अर्द्धबामपन्थ र अर्द्धलोकतन्त्रको चरित्रलाई बोकी हिँडन बाध्य भएको छ । त्यसरी नै नेपाली काँग्रेस पनि अर्द्धबामपन्थको चरित्र बोक्न बाध्य भएको छ । अब चाहेर पनि नेपाली काँग्रेस आफनो मौलिक चरित्रलाई आत्मसात गर्न सक्दैन । आम निर्वाचन-२०८२ मा पार्टीले ऐतिहासिक पराजय भोग्न पऱ्यो । पार्टीको अधिकांश दिग्गज नेता चुनावमा पराजित भए । पार्टीको मत प्रतिशतमा पनि ह्रास आयो । ऐतिहासिक पराजयका बाबजुद पार्टीभित्र गुटबन्दी व्याप्त छ । पार्टी तीन भागमा विभाजित देखिन्छ ।

पार्टी सभापति गगनकुमार थापा, पूर्व सभापति शेरबहादुर देउवा र सभापति बन्न इच्छुक डा.शेखर कोइराला पनि पार्टीको नेतृत्व आफ्नो हातमा आएको हेर्न चाहन्छन् । नेपाली काँग्रेस विगतको अनुभववाट केही सिक्न चाहेको छैन । २०८२ फागुन २१ को निर्वाचन परिणाम पश्चात पार्टी एकजुट भएर चुनाव परिणामको समीक्षा गर्नुपर्नेमा पार्टी भित्र विभिन्न गुट समूहको छुटाछुटै कोठे बैठक भएको देखियो ।

नेपाली काँग्रेस विगतको अनुभववाट केही सिक्न चाहेको छैन । २०८२ फागुन २१ को निर्वाचन परिणाम पश्चात पार्टी एकजुट भएर चुनाव परिणामको समीक्षा गर्नुपर्नेमा पार्टी भित्र विभिन्न गुट समूहको छुटाछुटै कोठे बैठक भएको देखियो । काँग्रेसले आफूलाई सत्ताको स्वाभाविक हकदार ठानेर नै अहिलेसम्म राजनीति गरेको छ । अहिले पनि उसमा यही प्रवृति कायम छ । लोकतन्त्रमा जनता सर्वोपरी हुन्छ । जनताको मतादेशलाई राजनीतिक दलहरुले सहर्ष स्वीकार गर्न सक्नुपर्छ । चुनावमा बहुमत प्राप्त नगरेर अर्थात जनताले सरकार बनाउने किसिमको जनादेश नदिए पनि कथित राष्ट्रिय सहमतिको नाममा येनकेन प्रकरण सरकारमा सहभागी भइहाल्ने नेपाली काँग्रेसको विगत दुई दशकको इतिहासले पनि पार्टीलाई सत्तामुखी दलको रुपमा परिभाषित गऱ्यो ।

काँग्रेस जस्तो पार्टी प्रतिपक्षमा बसेर काम गर्नुको अर्थ लोकतन्त्रलाई बलियो बनाउनु हो । संसदीय व्यवस्था र गणतन्त्रलाई बलियो बनाउनु हो । नेपाली काँग्रेस स्वाभाविक रुपमा ५ वर्ष पछि पुनः सत्तामा आउने नै हो । तसर्थ यसले ५ वर्ष सम्म विपक्षमा रहेर पनि आफ्नो जनाधार विकसित गर्न सक्दछ । नेपाली काँग्रेसलाई एउटा परिपक्व जिम्मेवार र सम्वेदनशील पार्टीको रुपमा नेपाली जनताले विश्वास गर्दै आएका छन् । काँग्रेसले यस विश्वासलाई कायम राख्नुपर्छ । जब कुनै संगठन कमजोर वैचारिक धरातलमा उभिएको हुन्छ, अनि त्यसलाई सफलता पाउन कठिन हुन्छ । आफनो गौरवशाली इतिहास, पार्टीका वरिष्ठ एवं सम्मानित नेताहरुको योगदान तथा कार्यकर्ता पंक्तिको सम्मान गर्न नसक्ने संगठन विस्तार विस्तारै कमजोर हुन थाल्छ । समस्या परेको बेलामा आफनो नेताको बचाउ पनि गर्न सक्नुपर्छ ।

काँग्रेसमा नेतृत्व परिवर्तनको त्यतिवेला सर्वाधिक तीव्र भयो, जतिबेला पार्टी सभापतिलाई पार्टी संगठन र कार्यकर्ताको सर्वाधिक सहयोगको आवश्यकता थियो । तात्कालिक पार्टी सभापतिले त आफनो पदबाट राजीनामा गरिसकेकै थिए । कार्यवाहक सभापति पनि उनले नियुक्त गरिसकेका थिए तर पार्टीको युवा पंक्तिलाई युवा नेतृत्वको आवश्यकता थियो ।

आखिर हतार-हतारमा पार्टीले विशेष महाधिवेशन पनि गऱ्यो, नयाँ नेतृत्व पनि ल्यायो । पार्टीको केन्द्रीय समितिमा पनि बढी नयाँ-नयाँ अनुहार देखिए । तर चुनाव परिणाम भने अपेक्षित आएन । यसले के सावित गऱ्यो भने नेपाली काँग्रेसले आफनो मौलिक पहिचानलाई गुमाइसकेको छ ।

आखिर हतार-हतारमा पार्टीले विशेष महाधिवेशन पनि गऱ्यो, नयाँ नेतृत्व पनि ल्यायो । पार्टीको केन्द्रीय समितिमा पनि बढी नयाँ-नयाँ अनुहार देखिए । तर चुनाव परिणाम भने अपेक्षित आएन ।

काँग्रेसले २०८२ फागुन २१ को आम निर्वाचनमा प्रत्यक्षतर्फ १८ र समानुपातिक तर्फको २० गरी कुल ३८ जित्न सफल रह्यो । यो प्रदर्शन साढे तीन वर्षअघि भएको निर्वाचन परिणाम ८८ भन्दा निकै कम थियो । पार्टीले साढे तीन वर्षकै अवधिमा ५० सिट गुमाउनु पऱ्यो । नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारको सारथी भएर सरकारमा खेलेको भूमिकाको कारण नेपाली काँग्रेस पनि एमाले जति नै अलोकप्रिय भएको थियो । जेनजी आन्दोलनमा एमाले भन्दा बढी नै बदनामी नेपाली काँग्रेसको भएको थियो । काँग्रेसको विगत साढे तीन दशकका निर्वाचन परिणामको समीक्षा गर्ने हो भने यसको प्रदर्शन मिश्रित देखिएको छ । एक चुनावमा राम्रो प्रदर्शन तर अर्को चुनावमा खराब प्रदर्शन गरेको यसको परम्परा नै रहेको छ । २०४८ सालको आम निर्वाचनमा नेपाली काँग्रेसले ३७.७५ प्रतिशत मतसहित ११० सिट जितेको थियो । स्वतन्त्र रुपमा निर्वाचित २-३ सांसद पनि नेपाली काँग्रेसमै प्रवेश गरेका थिए । तर पार्टीको आन्तरिक कलहका कारण नेपाली काँग्रेसका गिरिजाप्रसाद कोइराला नेतृत्वको त्यो बहुमतको सरकार पनि सबा तीन वर्षमै पतनको शिकार भयो ।

मध्यावधि निर्वाचन २०५१ मा नेकपा एमाले प्रतिनिधिसभामा सबैभन्दा ठलो दलको नाताले सरकारको नेतृत्व त हात पाऱ्यो तर सत्तामा पुगेपछि मनपरी गर्न थाल्यो । फलस्वरुप सारा विपक्षी दलहरु एकजुट भई एमाले नेतृत्वको सरकार माथि अविश्वास प्रस्ताव लगाए । आखिर ९ महिनामै एमालेको सरकार पनि अपदस्थ हुन पुग्यो । २०५१ सालको मध्यावधि निर्वाचनमा नेपाली काँग्रेसले ३३.३८ प्रतिशत मत र ८३ सिटमै चित्त बुझाउनु पऱ्यो । पार्टीको मतमा चार प्रतिशतको ह्रास आयो । २०६३ को आम निर्वाचनमा पार्टी एकजुट भएर चुनाव लड्यो । पार्टीले ३७.२९ प्रतिशत मत र १११ सिट जित्न सफल रहयो । यो वि.सं.२०५१ सालको चुनावको तुलनामा २८ सिट बढी थियो । ४ प्रतिशत मतको अन्तर हुँदा २८ सिटको उतार-चढाव हुने रहेछ । दुर्भाग्य, नेपाली काँग्रेसले तीन वर्षमा तीन नेतालाई प्रधानमन्त्री बनाए पनि राजनीतिक स्थायित्व प्रदान गर्न सकेन र २०५९ सालको असोजमा तात्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिनिधिसभालाई विघटन गरी मध्यावधि निर्वाचनको सिफारिस गरे । देउवाको यही निर्णयले तात्कालीन राजा श्री ५ ज्ञानेन्द्रलाई सक्रिय भूमिकामा आउन उत्प्रेरित गऱ्यो । तात्कालीन राजाको यही महत्वाकांक्षा नेपालबाट राजतन्त्रको विदाइको जग बसाल्ने काम पनि गऱ्यो ।

२०६४ मा संविधानसभाका लागि भएको निर्वाचनमा नेपाली काँग्रेसले २१.१४ प्रतिशत मत सहित प्रत्यक्षमा ७३ र समानुपातिकमा ३७ सिट जित्न सफल रहयो । पार्टीलाई मनोनितको ५ सिट पनि प्राप्त भएको थियो । २०७० मा मधेसी दलहरुमा विभाजन र नेकपा माओवादीको घट्दो जनाधारले नेपाली काँग्रेसलाई पुनः देशको सबैभन्दा ठूलो दलको रुपमा स्थापित गऱ्यो । नेपाली काँग्रेसले २९.८० प्रतिशत मतसहित प्रत्यक्षतर्फ १०५, समानुपातिकका ९१ र मनोनित १० गरी २०६ सिट प्राप्त गर्न सफल रहयो । पार्टीको मत प्रतिशतमा ८ प्रतिशतको बृद्धि हुँदा प्रत्यक्ष तर्फ ३२ र समानुपातिक तर्फ ५४ सिटको लाभ हुन पुगेको थियो ।

२०६४ मा संविधानसभाका लागि भएको निर्वाचनमा नेपाली काँग्रेसले २१.१४ प्रतिशत मत सहित प्रत्यक्षमा ७३ र समानुपातिकमा ३७ सिट जित्न सफल रहयो । पार्टीलाई मनोनितको ५ सिट पनि प्राप्त भएको थियो ।

२०७४ मा वामगठबन्धन र मधेसी दलहरुले मिलेर बनेको मधेसी गठबन्धन गरी चुनावमा त्रिपक्षीय भीडन्त हुँदा नेपाली काँग्रेसलाई हानी हुनु स्वाभाविकै थियो । काँग्रेसको मत १२ प्रतिशतले ह्रास आयो । प्रत्यक्ष तर्फ पार्टीले ३२ र समानुपातिकमा ५७ सिट जित्न सफल रह्यो ।

परागसेचन...

विभिन्न सरकारी तथा गैरसरकारी संस्थाबाट आमन्त्रित विषय विज्ञ प्रशिक्षकहरूले विभिन्न विषयमा प्रशिक्षण प्रदान गरेका थिए । नेपाल परागसेचन परियोजना अन्तर्गत कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशका १२ जिल्लाका २४ स्थानीय तहमा चालु आर्थिक वर्षदेखि आगामी चार वर्षसम्म कार्यक्रम सञ्चालन हुने जनाइएको छ । परियोजनाअन्तर्गत दिगो कृषि तथा जैविक विविधता संरक्षणका लागि परागसेचकहरूको संरक्षण र प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

हाल सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका र चिङ्गाड गाउँपालिकामा प्रारम्भिक चरणमा पालिका अभिमुखीकरण, छनोट गरिएका कृषि बाली वस्तुहरूको उत्पादन योजना निर्माण तथा कार्यान्वयन रणनीति तयार गर्ने कार्यहरू अगाडि बढाइएको आयोजकले जनाएको छ । तालिमबाट स्थानीय कृषकहरूको ज्ञान, सीप तथा क्षमता अभिवृद्धि हुनुका साथै परागसेचक संरक्षण र दिगो कृषि प्रणालीको विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ । यस परियोजनाका साझेदार संस्थाहरूमा नेपाल सरकार, डार्विन इनिसिएटिभ, ब्रिस्टल विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालय तथा स्थानीय पहल जैविक विविधता, अनुसन्धान तथा विकास संस्था छन् ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

अब...

शुद्धता कायम गर्नु ठुलो चुनौती हुनेछ,' मन्त्रालयका एक सहसचिव भन्छन् ।

उनले निजी खरिदकर्ताहरूलाई यस मूल्यमा कृषि उपज खरिद गर्न प्रोत्साहित गर्ने र उपभोक्तालाई पनि उचित मूल्यमा उत्पादन उपलब्ध गराउने सन्तुलन मिलाउनु सरकारका लागि अर्को चुनौती हुने बताए ।

लामो समयदेखि मूल्य विवाद र भुक्तानी समस्यामा जुधिरहेको उखु किसानका लागि अब 'न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण सम्बन्धी निर्देशिका, २०८२' मा विशेष व्यवस्था गरिएको छ । निर्देशिका अनुसार औद्योगिक बालीको न्यूनतम खरिद मूल्य आगामी तीन वर्षभित्र उखु बालीबाट हुने रिकभरी दरको आधारमा निर्धारण गरिने प्रणालीको सुरुवात गरिनेछ । उखु उत्पादक कृषकहरूलाई उच्च रिकभरी दर भएका उखुका जातहरूको खेती गर्न प्रोत्साहन गरिनेछ । यो प्रावधानले उखुको गुणस्तरमा सुधार ल्याउनुका साथै किसानहरूले आफ्नो उत्पादनको उचित मूल्य पाउन मद्दत गर्नेछ । यसले उखु किसान र चिनी उद्योगीबिचको खरिदबिक्रीमा स्थायित्व ल्याउन र विवादहरू समाधान गर्न स्पष्ट मार्गनिर्देशन गरेको छ, जसले समग्र उखु उद्योगको विकासमा सकारात्मक प्रभाव पार्नेछ ।

प्रदेश र स्थानीय तहलाई थप अधिकार

नयाँ निर्देशिकाले प्रदेश सरकार र स्थानीय तहलाई कृषि उपजको मूल्य निर्धारण र कार्यान्वयनमा थप अधिकार प्रदान गरेको छ । प्रदेश सरकार र स्थानीय तहले आवश्यक कानुनी व्यवस्था गरी सरकारले निर्धारण गरेको बालीवस्तुको न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्यमा खरिद कार्य गर्न सक्नेछन् । यसका अतिरिक्त उनीहरूले सरकारले तोकेबाहेक अन्य बालीवस्तुमा पनि न्यूनतम समर्थन मूल्य र खरिद मूल्य निर्धारण गरी कार्यान्वयन गर्न सक्ने अधिकार पाएका छन् । यो व्यवस्थाले स्थानीय आवश्यकता र परिस्थिति अनुसार कृषि मूल्यको व्यवस्थापन गर्न र किसानहरूलाई प्रत्यक्ष लाभ पुऱ्याउन मद्दत गर्ने मन्त्रालयको दाबी छ ।

समय तालिकामा हुन्छ मूल्य निर्धारण

कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य निर्धारण प्रक्रियामा पारदर्शिता र दक्षता ल्याउने उद्देश्यले सरकारले नयाँ र विस्तृत कार्यतालिका सार्वजनिक गरेको छ । यो कार्यतालिकाले उखु, गहुँ, चैते धान, वर्षे धान, मकै र कोदो लगायतका प्रमुख बालीहरूको न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य तोक्ने प्रक्रियालाई व्यवस्थित गरेको छ ।

उखुका लागि फिल्ड सर्वेक्षण भदौ २० गतेसम्म सम्पन्न भई मङ्सिर १ गतेसम्म मन्त्रिपरिषद्बाट मूल्य निर्धारण गरिनेछ । त्यसैगरी, गहुँका लागि साउन २० गतेसम्म फिल्ड सर्वेक्षण भई कात्तिक १ गतेसम्म मूल्य निर्धारण हुनेछ। चैते धानका लागि माघ १५ गते, वर्षे धानका लागि जेठ १ गते, मकैका लागि फागुन २२ गते र कोदोका लागि वैशाख १५ गतेसम्म मूल्य निर्धारण गरिसक्ने लक्ष्य राखिएको छ । यो विस्तृत कार्यतालिकाले प्रत्येक बालीका लागि स्पष्ट समयसीमा तोकेको छ, जसले गर्दा किसानहरूले समयमै आफ्नो उत्पादनको उचित मूल्य पाउने अपेक्षा गरिएको छ ।

मुगुका चारै स्थानीय तह दीर्घकालीन योजनाविहीन

काँक्रेविहार संवाददाता
मुगु, २८ जेठ

संघीय शासन प्रणाली लागू भएको करिब एक दशक बितिसक्दा पनि मुगु जिल्लाका चारवटै स्थानीय तहले दीर्घकालीन विकास योजना तयार गर्न सकेका छैनन् ।

योजनाबद्ध विकासको अभावमा स्थानीय तहहरू अझै पनि संघीय तथा प्रदेश सरकारको अनुदानमा निर्भर रहेको सरोकारवालाहरूको भनाइ छ ।

सामाजिक अभियन्ता धर्मराज शाहीका अनुसार मुगुमकार्मारोङ गाउँपालिका, खत्याड गाउँपालिका, सोरु गाउँपालिका र छायानाथ-रारा नगरपालिकाले हरेक वर्ष करोडौँ रुपैयाँको बजेट ल्याए पनि दीर्घकालीन विकासका आधार निर्माणमा पर्याप्त



ध्यान दिन सकेका छैनन् ।

उनले स्थानीय तहमा योजनाविहीन खर्च गर्ने प्रवृत्ति बढ्दै गएको बताए । मुगुमा रारा ताल, धार्मिक तथा पर्यटकीय स्थल, तातोपानी र बहुमूल्य जडीबुटीजस्ता आन्तरिक आम्दानीका महत्वपूर्ण स्रोत भए पनि तिनको संरक्षण, व्यवस्थापन र आर्थिक उपयोगका लागि प्रभावकारी योजना नबनेको शाहीको भनाइ छ ।

उनका अनुसार यस्ता स्रोतको सदुपयोग गर्न सके स्थानीय तहको आम्दानी वृद्धि हुन सक्ने सम्भावना छ । हाल जिल्लामा सडक, खानेपानी, सिँचाइ तथा अन्य पूर्वाधार निर्माणका काम भइरहेका छन् । तर विकासका कामले जनअपेक्षा अनुसार परिणाम दिन नसकेको भन्दै स्थानीय सरकारहरू आलोचनाको सामना गरिरहेका छन् ।

स्थानीय सरोकारवालाहरूका अनुसार पालिकाहरू अझै पनि घरजग्गा रजिस्ट्रेसनजस्ता परम्परागत राजस्व स्रोतमा निर्भर छन् ।

नयाँ आयस्रोतको खोजी र विकासमा आवश्यक पहल नहुँदा आर्थिक आत्मनिर्भरताको लक्ष्य टाढिँदै गएको उनीहरूको भनाइ छ ।

स्थानीयवासी कलबहादुर कार्कीले कृषि तथा पशुपालन क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन भए पनि तिनले रोजगारी सिर्जना र पुँजी निर्माणमा अपेक्षित योगदान दिन नसकेको बताए ।

उनले उपलब्ध प्राकृतिक, धार्मिक तथा पर्यटकीय स्रोतको पहिचान गरी दीर्घकालीन आर्थिक विकास योजना निर्माण गर्न स्थानीय तहलाई आग्रह गरे ।

सरोकारवालाहरूले दिगो आर्थिक विकास र आत्मनिर्भरता हासिल गर्न स्थानीय तहले स्पष्ट दीर्घकालीन रणनीति तयार गरी कार्यान्वयनमा लैजानुपर्ने आवश्यकता औँल्याएका छन् ।

पहिरोका कारण कर्णाली करिडोर अवरुद्ध

काँक्रेविहार संवाददाता
कालीकोट २८ जेठ

लगातारको वर्षासँगै आएको पहिरो र नदी कटानका कारण कर्णाली करिडोर सडकखण्डमा ठूलो क्षति पुगेको छ । कालीकोट खण्डअन्तर्गत सडकको एक भाग भासिएर कर्णाली नदीतर्फ खसेपछि यातायात सेवा पूर्ण रूपमा अवरुद्ध भएको छ । वर्षाले सडकको पर्खाल, ग्याबिन जाली तथा अन्य संरचनामा क्षति पुऱ्याएपछि यात्रुवाहक तथा मालवाहक सवारीसाधन बाटोमै रोकिएका छन् । सडकको महत्वपूर्ण भाग नदीले बगाएपछि आवागमन पूर्ण रूपमा ठप्प भएको हो । स्थानीय प्रेम चौलागाईका अनुसार केही दिनयता परेको निरन्तर वर्षाले सडक कमजोर बनाएको थियो ।

मङ्गलबार राति आएको बाढी र पहिरोले सडक भत्काएपछि करिडोर हुँदै हुने यातायात सेवा बन्द भएको उनले बताए ।



सडक अवरुद्ध हुँदा दैनिक उपभोग्य वस्तुको ढुवानी, बिरामीको ओसारपसार तथा स्थानीय जनजीवनमा प्रत्यक्ष असर परेको छ । ग्रामीण क्षेत्रका अधिकांश सडकसमेत सञ्चालन हुन सकेका छैनन् । सडक डिभिजन कार्यालयले क्षतिको विवरण सङ्कलन गरी मर्मत तथा पुनःस्थापनाको प्रक्रिया अघि बढाएको जनाएको छ । तर लगातार वर्षा भइरहेकाले सडक तत्काल सञ्चालनमा ल्याउन कठिनाइ भएको बताइएको छ । जिल्ला प्रहरी कार्यालय कालीकोटका सूचना अधिकारी प्रहरी निरीक्षक गणेश ज्ञवालीका अनुसार सडक खुलाउन स्काभेटर परिचालन गरिएको छ ।

विभिन्न स्थानमा क्षति पुगेकाले सडक पूर्ण रूपमा सञ्चालनमा आउन केही समय लाग्न सक्ने उनले जानकारी दिए । स्थानीयवासीहरूले कर्णाली करिडोरमा हरेक वर्ष दोहोरिने पहिरो र कटानको समस्या समाधान गर्न दीर्घकालीन संरक्षण योजना लागू गर्न सरकारसँग माग गरेका छन् ।

रणनीतिक महत्व बोकेको यस सडकको नियमित मर्मत-सम्भार र जोखिम न्यूनीकरणमा पर्याप्त ध्यान दिनुपर्ने उनीहरूको भनाइ छ ।

बाँस सीप तालिममा जोडिदै महिला

काँक्रेविहार संवाददाता
सल्यान, २८ जेठ

शारदा नगरपालिका १३ स्यानीखालका महिलाहरूलाई बाँसबाट घरायसी सामग्री निर्माण गर्ने सीप प्रदान गर्ने उद्देश्यले १० दिने छिटनी निर्माण तालिम सम्पन्न गरिएको छ ।

स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्दै महिलाहरूलाई आयआर्जन तथा स्वरोजगारसँग जोड्ने लक्ष्यका साथ तालिम सञ्चालन गरिएको हो ।

तालिममा सहभागी महिलाहरूले बाँसबाट विभिन्न घरायसी तथा दैनिक प्रयोगका सामग्री निर्माण गर्ने सीप हासिल गरेका छन् ।

ग्रामीण क्षेत्रमा सहज रूपमा उपलब्ध हुने बाँसको उपयोग गरी व्यवसाय सञ्चालन गर्न सकिने सम्भावनाबारे समेत तालिममा जानकारी दिइएको थियो ।

आयोजकका अनुसार महिलाहरूलाई आत्मनिर्भर बनाउने र घरेलु उत्पादनलाई प्रोत्साहन गर्ने उद्देश्यले यस्ता कार्यक्रम सञ्चालन गरिएका हुन् ।

तालिम समापन कार्यक्रममा बोल्दै शारदा नगरपालिका उपप्रमुख सुस्मिता सापकोटा सुनारले महिलाको आर्थिक सशक्तीकरणका लागि सीपमूलक तालिम प्रभावकारी माध्यम भएको बताइन् ।

उनले महिलाहरू आर्थिक रूपमा सक्षम भए परिवार र समाजमा उनीहरूको भूमिका थप सशक्त हुने उल्लेख गर्दै सिकेको सीपलाई आयआर्जनसँग जोड्न आग्रह गरिन् ।

आर्थिक निर्भरताकै कारण धेरै महिलाले विभेद र हिंसासमेत सहनुपरेको उल्लेख



गर्दै उनले आत्मनिर्भर बन्नुपर्ने आवश्यकता औँल्याइन् ।

वडा अध्यक्ष जंगबहादुर बुढाले तालिमबाट प्राप्त ज्ञान र सीपलाई व्यवहारमा लागू गर्नुपर्नेमा जोड दिए । उनले स्थानीय स्तरमै उत्पादन गरिएका बाँसजन्य सामग्रीको बजार विस्तार हुँदै गइरहेको भन्दै व्यवसायिक रूपमा अगाडि बढ्न सहभागीहरूलाई सुझाव दिए ।

तालिममा सहभागी लिला कँवरले सिकेको सीपलाई व्यवसायमा रूपान्तरण गर्ने योजना रहेको बताइन् । गाउँमै प्रशस्त बाँस उपलब्ध भएकाले उत्पादन र बिक्री-वितरणमार्फत आम्दानी गर्न सकिने विश्वास व्यक्त गर्दै उनले महिलाले पनि बाँसजन्य सामग्री निर्माणमा सफलतापूर्वक काम गर्न सक्ने अनुभव तालिमबाट प्राप्त गरेको बताइन् ।

स्थानीय स्रोतको उपयोग, सीप विकास र महिला सशक्तीकरणलाई प्राथमिकता दिँदै सञ्चालन गरिएका यस्ता तालिमले ग्रामीण महिलाको आर्थिक अवस्था सुधार्न तथा उद्यमशीलता विकास गर्न महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

पूर्वाधार अभावले लाप्चा पर्यटन विकासमा चुनौती



काँक्रेविहार संवाददाता
हुम्ला, २८ जेठ

नाम्खा गाउँपालिका छ अन्तर्गत पर्ने लाप्चा क्षेत्र पर्यटकीय दृष्टिले महत्वपूर्ण मानिए पनि आवश्यक पूर्वाधारको अभावले यसको विकासमा चुनौती थपिएको छ ।

समुद्री सतहबाट पाँच हजार एक सय ३० मिटर उचाइमा रहेको लाप्चाबाट मानसरोवर-कैलाशको दूरदर्शन गर्न सकिने भएकाले यहाँ आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढ्दै गएको छ ।

प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीका अनुसार लाप्चा पुग्ने मुख्य मार्ग सल्लीदेखि लाप्चासम्मको सडक दशकअघि ट्र्याक खोलिए पनि हालसम्म स्तरोन्नति हुन सकेको छैन ।

सडक अधिकांश स्थानमा खाल्डाखुल्डी, ढुङ्गाम्य, हिलाम्मे र धुलाम्मे भएकाले यात्रा निकै कष्टकर बनेको छ । सिमकोटदेखि लाप्चासम्म करिब ८६ किलोमिटर दूरी भए पनि सल्लीदेखि लाप्चासम्मको ५० किलोमिटर सडक सबैभन्दा जोखिमपूर्ण मानिन्छ । स्थानीय चालक सिङ्गम भण्डारीले न्यालु लेक क्षेत्रमा हिउँमाथि यात्रा गर्नुपर्ने भएकाले यात्रु र चालक दुवैले कठिनाइ भोग्नुपरेको बताए । सडकको कमजोर अवस्थाका कारण पर्यटकलाई गन्तव्यसम्म पुग्न सास्ती हुने गरेको छ । सडकसँगै सञ्चार सेवाको अभाव पनि अर्को समस्या बनेको छ ।

पर्यटक राजबहादुर लामाका अनुसार सल्ली पार गरेपछि नेपाल टेलिकमको नेटवर्क उपलब्ध हुँदैन । इन्टरनेट सेवा नहुँदा पर्यटकहरू सम्पर्कविहीन अवस्थामा यात्रा गर्न बाध्य छन् ।

लाप्चा क्षेत्रमा खानेपानीको सुविधा समेत पर्याप्त छैन । पर्यटकहरूले पिउने पानी आफैँ बोकेर लैजानुपर्ने अवस्था रहेको छ ।

पूर्वाधार विकास कार्यालय हुम्लाले आगामी आर्थिक वर्षमा केही सडक स्तरोन्नति गर्ने योजना रहेको जनाएको छ ।

स्थानीयवासीका अनुसार सडक, सञ्चार र खानेपानीजस्ता आधारभूत पूर्वाधार विकास गर्न सके लाप्चामा पर्यटक आगमन उल्लेखनीय रूपमा बढ्न सक्नेछ । मानसरोवर-कैलाशको दूरदर्शन गर्न चाहने पर्यटकका लागि लाप्चा महत्वपूर्ण गन्तव्य बन्दै गएको छ ।

स्ववियुले गर्यो प्रतिभा सम्मान

काँक्रेविहार संवाददाता
जुम्ला, २८ जेठ

जुम्ला बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) ले शिक्षा तथा खेलकुद क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तित्व तथा खेलाडीहरूलाई सम्मान गरेको छ ।

जिल्लामा उत्कृष्ट कार्य गर्दै शिक्षा र खेलकुद क्षेत्रमार्फत समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने व्यक्तिहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले सम्मान कार्यक्रम आयोजना गरिएको स्ववियुले जनाएको छ ।

कार्यक्रममा जिल्लाबाट माध्यमिक तहका उत्कृष्ट शिक्षकका रूपमा छनोट भई कर्णाली प्रदेश सरकारद्वारा उत्कृष्ट शिक्षक पुरस्कारबाट सम्मानित ऋणमोक्ष माध्यमिक विद्यालय, पातारासी गाउँपालिका-डिल्लीचौरका शिक्षक हरिबहादुर बुढालाई सम्मान तथा शुभकामना प्रदान गरिएको थियो ।

शिक्षक बुढाले लामो समयदेखि गुणस्तरीय शिक्षा प्रदान गर्दै विद्यार्थीहरूको भविष्य निर्माणमा खेलेको भूमिकाको कदरस्वरूप सम्मान गरिएको स्ववियुले जनाएको छ । त्यसैगरी, नेपालको यू-२० राष्ट्रिय फुटबल टोलीका कप्तान तथा जुम्लाका प्रतिभाशाली खेलाडी धर्मेन्द्र कुँवरलाई पनि विशेष सम्मान गरिएको छ ।

राष्ट्रिय स्तरमा उत्कृष्ट प्रदर्शन गर्दै जुम्लाको पहिचान स्थापित गर्न सफल भएको भन्दै उनको योगदानको प्रशंसा गरिएको थियो ।

कार्यक्रममा कर्णाली प्रदेशस्तरीय प्रथम मेयर कपमा सहभागी भई जिल्लाको प्रतिनिधित्व गरेका विभिन्न खेलाडीहरूलाई समेत सम्मान गरिएको थियो ।

डिजिटल युगको विश्वसनीय आवाज
www .kankrebihar .com

काँक्रेविहार राष्ट्रिय दैनिक

शुक्रवार, २९ जेठ, २०८३
Friday, 12 June 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

समावेशी शिक्षाका लागि क्षमता विकास

❐ **काँक्रेविहार संवाददाता**

जाजरकोट, २८ जेठ

सबैका लागि गुणस्तरीय, समावेशी र समतामूलक शिक्षाको सुनिश्चिततामा नागरिक समाज संस्थाको भूमिका सशक्त बनाउन कर्णाली प्रदेशका जाजरकोट र सल्यान जिल्लामा क्षमता विकास कार्यशाला सम्पन्न गरिएको छ।

शिक्षामा पहुँच, समावेशिता र गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालित एक्सेस परियोजनाअन्तर्गत दुई जिल्लाका नौ वटा नागरिक समाज संस्थाका पदाधिकारी तथा कर्मचारीलाई तालिम प्रदान गरिएको हो।

कार्यक्रममा १४ वटा अनलाइन सत्र तथा दुई दिनको भौतिक प्रशिक्षणमार्फत संस्थागत विकास, समावेशी शिक्षा र प्रभावकारी पैरवीसम्बन्धी विषयमा क्षमता अभिवृद्धि गरिएको थियो।

युरोपियन युनियनको सहयोगमा पिपुल इन निडको नेतृत्व तथा एकान्टेबिलिटी ल्याब, नेपाल अपाङ्ग महिला संघ र शिक्षाका लागि राष्ट्रिय अभियानको साझेदारीमा सञ्चालित एक्सेस परियोजना कर्णाली, सुदूरपश्चिम र मधेस प्रदेशमा कार्यान्वयन भइरहेको छ।

परियोजनाअन्तर्गत जाजरकोटका पाँच र सल्यानका चार संस्थाका प्रतिनिधिहरू तालिममा सहभागी भएका थिए। कार्यक्रममा बोल्दै सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेशका शिक्षा महाशाखा प्रमुख सुवर्णकुमार खड्काले शिक्षा क्षेत्र सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै सरकारी निकाय र विकास साझेदारबीचको सहकार्यलाई थप प्रभावकारी बनाइँदै लगिएको बताए।

उनले तालिमले स्थानीय तह र विद्यालयस्तरमा समावेशी शिक्षा नीति तथा अभ्यासको प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे।

पिपुल इन निडका कार्यक्रम प्रबन्धक अनुरोध साहले स्थानीय सरकार र नागरिक समाज संस्थाको प्राविधिक तथा संस्थागत क्षमता सुदृढ गर्दै सबै बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउने उद्देश्यले परियोजना सञ्चालन भइरहेको जानकारी दिए।

उनले विशेषगरी सीमान्तकृत, अपाङ्गता भएका तथा वञ्चित समुदायका बालबालिकालाई सुरक्षित र समावेशी वातावरणमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्न परियोजना केन्द्रित रहेको बताए।

सहभागीहरूले तालिमले समावेशी शिक्षाका सवालमा स्थानीय सरकार, विद्यालय तथा सरोकारवालासँग प्रभावकारी सहकार्य र पैरवी गर्न आवश्यक ज्ञान तथा सीप प्रदान गरेको बताएका छन्।

तालिममा नीति तथा रणनीति, समावेशी शिक्षा, बजेट तथा स्रोत परिचालन, प्रस्तावना तथा प्रतिवेदन लेखन, विद्यालय शिक्षा क्षेत्र योजना र संस्थागत व्यवस्थापनलगायत विषयमा सहजीकरण गरिएको थियो।

बाँदर र बँदेलको आतंक बढ्दो

❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, २८ जेठ

कर्णाली प्रदेशका ग्रामीण क्षेत्रमा बाँदर र जंगली बँदेलको आतंक बढ्दै जाँदा किसानहरू समस्यामा परेका छन्।

खेतीबालीमा निरन्तर क्षति पुग्न थालेपछि कतिपय किसान विस्थापित हुनुपर्ने अवस्थासम्म पुगेका छन। पश्चिम सुर्खेतको चौकुने गाउँपालिकाका कृषक राम थापाका अनुसार बाँदर र बँदेलले खेतीबाली नष्ट गरिदिँदा किसानहरू ठूलो मारमा परेका छन्।

समस्या समाधानका लागि पटक-पटक सरकारको ध्यानाकर्षण गराए पनि प्रभावकारी कदम चालिएको छैन। यता कर्णाली प्रदेश सरकारले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि आगामी आर्थिक वर्ष २०८३/८४ देखि थप प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ।

प्रदेश सरकारको नीति तथा कार्यक्रममा यस विषयलाई प्राथमिकताका साथ समेटिएको छ। नीति तथा कार्यक्रम प्रस्तुत गर्दै यामलाल कँडेल ले मानव-वन्यजन्तु द्वन्द्व कम गर्दै सहअस्तित्व कायम गर्न तथा बाँदर, बँदेललगायत वन्यजन्तुबाट हुने क्षतिको अल्पकालीन र दीर्घकालीन समाधान खोजिने बताएका छन्।

वन विनाश र प्राकृतिक बासस्थानको संकुचनका कारण वन्यजन्तुहरू आहाराको खोजीमा बस्ती पस्न थालेका छन्।

वन क्षेत्र घट्दै जाँदा र भौतिक संरचनाको विस्तार बढ्दै जाँदा वन्यजन्तुको बासस्थान प्रभावित भएको विज्ञहरूको भनाइ छ। यसले खेतीबालीमा क्षति पुऱ्याउने तथा मानिसमाथि आक्रमणका घटनासमेत बढाएको छ । यही समस्या समाधानका लागि प्रदेश सरकारले करिडोर कनेक्टिभिटी संरक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ।

वन्यजन्तुको आहारा वृद्धि गर्ने प्रजातिका बिरुवा रोपेर वन क्षेत्रको संरक्षण तथा वन्यजन्तुको आवतजावत सहज बनाउने लक्ष्य राखिएको छ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका अनुसार गत आर्थिक वर्ष २०८१/८२ बाट सुरु भएको कार्यक्रमलाई आगामी वर्ष थप प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

कर्णालीका विभिन्न जिल्लामा वन्यजन्तुको आक्रमणका घटना बढ्दै गएका छन्। गत वर्ष दैलेख जिल्लाको महावु र भैरवी गाउँपालिकाको सीमावर्ती क्षेत्रमा जंगली बँदेलको आक्रमणबाट ८० वर्षीय एक वृद्धको मृत्यु भएको थियो। त्यस्तै, सोही क्षेत्रमा दुई जना स्थानीय घाइते भएका थिए।

स्थानीयवासीका अनुसार बँदेलले खेतीबाली नष्ट गर्नुका साथै घरआँगनसम्म पुगेर आक्रमण गर्न थालेपछि गाउँबस्तीमा त्रास फैलिएको छ। दैनिक आवतजावत गर्नसमेत डर लाग्ने अवस्था सिर्जना भएको उनीहरूको भनाइ छ।

बँदेल मात्र होइन, पछिल्ला वर्षहरूमा बाघको आक्रमणसमेत बढ्दो छ। विशेषगरी सुर्खेत जिल्लाका दक्षिणी बस्तीहरू बाँके राष्ट्रिय निकुञ्ज र बर्दिया राष्ट्रिय निकुञ्ज आसपास रहेका कारण त्यहाँ बाघको जोखिम बढेको छ।

बाघको आक्रमणबाट घाइते हुने र ज्यान गुमाउने घटनासमेत दोहोरिन थालेपछि स्थानीयवासीमा त्रास बढ्दै गएको छ।

वन्यजन्तु र मानवबीचको बढ्दो द्वन्द्वलाई नियन्त्रण गर्न प्रभावकारी नीति, बासस्थान संरक्षण तथा स्थानीय तहसँगको समन्वय आवश्यक रहेको सरोकारवालाहरूले बताएका छन्।

तीन वर्षमा एक सय दुई जनाले गरे आत्महत्या

❐ **काँक्रेविहार संवाददाता**

रूकुमपश्चिम, २८ जेठ

रुकुम पश्चिममा पछिल्लो तीन आर्थिक वर्षको अवधिमा १०२ जनाले आत्महत्या गरेका छन्। जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमको तथ्यांकअनुसार आर्थिक वर्ष २०८०/०८१ देखि चालु आर्थिक वर्षसम्म जिल्लाका विभिन्न स्थानीय तहमा आत्महत्याका एक सय दुई घटना दर्ता भएका हुन्।

तथ्यांकले जिल्लामा आत्महत्याका घटना चिन्ताजनक रूपमा देखिएको संकेत गरेको छ। जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक बेदबहादुर पौडेलका अनुसार आत्महत्या गर्नेमा पुरुषको संख्या महिलाको तुलनामा उल्लेखनीय रूपमा बढी रहेको छ। तीन वर्षको अवधिमा ६४ पुरुष र ३८ महिलाले आत्महत्या गरेका छन्। कुल घटनामध्ये करिब ६३ प्रतिशत पुरुष र ३७ प्रतिशत महिला रहेको तथ्यांकमा उल्लेख छ।

स्थानीय तहगत रूपमा हेर्दा मुसिकोट नगरपालिकामा सबैभन्दा बढी २८ जनाले आत्महत्या गरेका छन्। त्यसमध्ये १८ पुरुष र १० महिला रहेका छन्।

चौरजहारी नगरपालिकामा २० जना, आठबिसकोट नगरपालिकामा १९ जना, बाँफिकोट गाउँपालिकामा १३ जना तथा सानीभेरी र त्रिवेणी गाउँपालिकामा समान ११/११ जनाले आत्महत्या गरेका छन्।

आर्थिक वर्षगत विवरणअनुसार आर्थिक वर्ष २०८१/०८२ मा सबैभन्दा बढी ४१ जनाले आत्महत्या गरेका थिए। उक्त वर्ष २५ पुरुष र १६ महिला गरी ४१ जनाले ज्यान गुमाएका थिए।

आर्थिक वर्ष २०८०/०८१ मा १२ महिला र १३ पुरुष गरी २५ जनाले आत्महत्या गरेका थिए भने चालु आर्थिक वर्षमा हालसम्म १० महिला र २६ पुरुष गरी ३६ जनाले आत्महत्या गरिसकेका छन्।

मानसिक स्वास्थ्य समस्या, पारिवारिक विवाद, आर्थिक तनाव, सामाजिक दबाब तथा व्यक्तिगत कारणहरू आत्महत्याका प्रमुख कारकका रूपमा देखिने गरेको सरोकारवालाहरूको भनाइ छ।

जनहितमा जारी सूचना

- भेरीगंगा उपत्यका क्षेत्रलाई व्यवस्थित, सुरक्षित, वातावरणमैत्री तथा आधुनिक नमुना सहरका रूपमा विकास गर्ने उद्देश्यले विभिन्न पूर्वाधार निर्माण, सडक विस्तार, नदी नियन्त्रण, हरियाली प्रवर्द्धन, सार्वजनिक संरचना निर्माण तथा शहरी विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइरहेका छन्।
- यस आयोजनाअन्तर्गत निर्माणाधीन सडक, पुल, नाला, तटबन्ध, सार्वजनिक भवन तथा अन्य संरचनाको क्षेत्रमा अनधिकृत रूपमा घरटहरा निर्माण, सामग्री थुपार्ने, फोहोर फाल्ने, सडक तथा सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउने कार्य नगर्न सम्पूर्ण सरोकारवालामा अनुरोध गरिन्छ।
- साथै आयोजना क्षेत्रभित्रका स्थानीयवासी, व्यवसायी तथा सेवाग्राहीहरूलाई निर्माण कार्यका क्रममा अस्थायी रूपमा सवारी आवागमन, सेवा प्रवाह तथा दैनिक गतिविधिमा केही असहजता हुन सक्ने भएकाले आवश्यक सहयोग, समन्वय र धैर्यता अपनाईदिन हार्दिक अनुरोध गरिन्छ।
- वातावरण संरक्षण, सरसफाइ प्रवर्द्धन, सार्वजनिक सम्पत्तिको संरक्षण तथा दिगो शहरी विकासमा सबै नागरिकको सक्रिय सहभागिता आवश्यक रहेको हुँदा आफ्नो क्षेत्रलाई स्वच्छ, सुरक्षित र व्यवस्थित बनाउन सहयोग गर्न समेत अनुरोध गरिन्छ।
- भेरीगंगा उपत्यका नमुना सहर आयोजना कार्यालय, सुर्खेत नागरिकमैत्री, दिगो तथा समुन्नत सहर निर्माणप्रति प्रतिबद्ध रहेको जानकारी गराइन्छ।

भेरीगंगा उपत्यका नमुना सहर आयोजना कार्यालय
सुर्खेत



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)